**कार्यपालिका बैठक संख्या नं. ३५** **स्थानः नगरपालिका भवन** **मिति २०८१/०५/३१ गते**

**<u>प्रस्तावहरुः</u>**

१. पूर्व निर्णयहरुको समीक्षा सम्बन्धमा।
२. अटो तथा विद्युतीय रिक्सा व्यवस्थापन समिति गठन सम्बन्धमा।
३. फोहरमैला व्यवस्थापन समिति गठन सम्बन्धमा।
४. बजार अनुगमन समिति तथा टोली गठन सम्बन्धमा।
५. विविध।

ओम प्रकाश देवकोटा
प्रमुख प्रशासकीय अधिकृत

**निर्णय नं. १**

शारदा नगर कार्यपालिकाले यस पूर्वका बैठकहरुमा गरेका निर्णयको कार्यान्वयन अवस्थाका सम्बन्धमा समीक्षा गरियो ।

**निर्णय नं. २**

शारदा नगरपालिका अटो तथा विद्युतीय रिक्सा व्यवस्थापन कार्यविधि, २०८१ को दफा ३ अनुसार यस नगरपालिकामा देहाय अनुसारको अटो तथा विद्युतीय रिक्सा व्यवस्थापन समिति गठन गर्ने निर्णय गरियो ।

| | |
|---|---|
| (क) नगर प्रमुख | संयोजक |
| (ख) नगर उपप्रमुख | सदस्य |
| (ग) प्रमुख प्रशासकीय अधिकृत | सदस्य |
| (घ) पूर्वाधार विकास समिति संयोजक | सदस्य |
| (ङ) प्रतिनिधि, जिल्ला प्रशासन कार्यालय, सल्यान | सदस्य |
| (च) प्रतिनिधि, जिल्ला प्रहरी कार्यालय, सल्यान | सदस्य |
| (छ) प्रतिनिधि, ट्राफिक प्रहरी कार्यालय, सल्यान | सदस्य |
| (ज) अटो तथा विद्युतीय व्यवसायीहरु मध्ये नगरपालिकाबाट मनोनित व्यवसायी २ जना | सदस्य |
| (झ) पूर्वाधार विकास शाखा प्रमुख वा प्रमुख प्रशासकीय अधिकृतले तोकेको कर्मचारी | सदस्य सचिव |

**निर्णय नं. ३**

शारदा नगरपालिका फोहरमैला व्यवस्थापन कार्यविधि, २०८१ को दफा ८ (१) बमोजिम फोहरमैला व्यवस्थापन सम्बन्धमा आवश्यक नीति, योजना तथा कार्यक्रम तयार गर्नको लागि देहाय बमोजिमको फोहरमैला व्यवस्थापन समिति गठन गर्ने निर्णय गरियो ।

| | |
|---|---|
| (क) नगर प्रमुख | -संयोजक |
| (ख) नगर उपप्रमुख | -सदस्य |
| (ग) प्रमुख प्रशासकीय अधिकृत | -सदस्य |
| (घ) वन, वातावरण तथा विपद् व्यवस्थापन समिति संयोजक | -सदस्य |
| (ङ) सल्यान उद्योग वाणिज्य संघघरेलु//होटेल संघको प्रमुख वा प्रतिनिधि | -सदस्य |
| (च) स्वास्थ्य/योजना/ पूर्वाधार तथा आर्थिक प्रशासन शाखा प्रमुख | -सदस्य |
| (छ) खानेपानी तथा सरसफाई इकाई प्रमुख | -सदस्य सचिव |

**निर्णय नं. ४**

शारदा नगरपालिका बजार अनुगमन निर्देशिका, २०८१ को दफा ४ बमोजिम देहाय अनुसारको उपभोक्ता हित संरक्षण समिति गठन गर्ने निर्णय गरियो ।

| | |
|---|---|
| (क) नगर उपप्रमुख | – संयोजक |
| (ख) आर्थिक समितिका संयोजक | – सदस्य |
| (ग) जिल्ला प्रशासन कार्यालयका प्रतिनिधि | – सदस्य |
| (घ) उद्योग तथा उपभोक्ता हीत संरक्षण कार्यालयको प्रतिनिधि | – सदस्य |

ओम प्रकाश देवकोटा
प्रमुख प्रशासकीय अधिकृत

(ङ) खाद्य, गुणस्तर, औषधी/जनस्वास्थ्य/उद्योग बाणिज्य हेर्ने (उपलब्ध भएसम्मका क्षेत्रगत विषय हेर्ने) शाखाका प्रमुख - सदस्य

(च) सम्बन्धित उद्योग बाणिज्य संघको प्रतिनिधि –सदस्य

(छ) उपभोक्ता हित संरक्षणमा क्रियाशील संस्था वा ब्यक्तिहरु मध्येबाट एक जना – सदस्य

(ज) आन्तरिक लेखा परीक्षण शाखा प्रमुख – सदस्य सचिव

त्यसैगरी सोही निर्देशिकाको दफा ८ (२) बमोजिम तपसील अनुसारको बजार अनुगमन टोली गठन गर्ने निर्णय गरियो।

(क) आन्तरिक लेखा परीक्षण शाखा प्रमुख – संयोजक

(ख) सम्बन्धित विषयगत क्षेत्रको प्रतिनिधि (उपलब्ध भएसम्म) – सदस्य

(ग) जिल्ला प्रशासनको प्रतिनिधि (उपलब्ध भएसम्म) –सदस्य

(घ) घरेलु तथा उपभोक्ता हीत संरक्षण कार्यालयको प्रतिनिधि –सदस्य

(ङ) स्थानीय सुरक्षा निकाय (नेपाल प्रहरी) को प्रतिनिधि –सदस्य

(च) उपभोक्ता हित संरक्षणमा क्रियाशील संस्था वा व्यक्तिहरु मध्येबाट मनोनित एक जना – सदस्य

(छ) उद्योग वाणिज्य संघको प्रतिनिधि (उपलब्ध भएसम्म) एक जना सदस्य – सदस्य

(ज) पत्रकार महासंघ/संचारकर्मी एक जना – सदस्य

**निर्णय नं. ५**

विविध विषयमा तपसील अनुसारको निर्णय गरियो।

(क) यस शारदा नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत श्री ओम प्रकाश देवकोटाकी ममतामयी माता पार्वती देवकोटाको मिति २०८१ भाद्र १५ गते असामयिक निधन भएकोमा स्वर्गीय आमा प्रति हार्दिक श्रद्धाञ्जली व्यक्त गर्दै प्रमुख प्रशासकीय अधिकृत ज्यू र उहाँको परिवारजनमा हार्दिक समवेदना व्यक्त गर्ने।

(ख) नरेन्द्र कुमार वलीले यस नगरपालिकालाई विपक्षी बनाई श्री सल्यान जिल्ला अदालतमा दायर गरेको रिट नं ०८०-C3-०००१ र. न. ७१-०८०-००५२६ निषेधाज्ञा अपहेलना मुद्दाको जवाफ तथा बहस पैरवीका लागि विद्वान अधिवक्ता श्री चन्द्र प्रकाश वलीलाई कानूनी सल्लाहकार तोक्ने।



ओम प्रकाश देवकोटा
प्रमुख प्रशासकीय अधिकृत

शारदा नगरपालिका नगर कार्यपालिकाको कार्यालय खलंगा, सल्यान